फोन नं.०५५-५४०२००

चन्द्रपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट,
मधेश प्रदेश, नेपाल

प.सं.२०७८।०७९
च.नं.

मिति : २०७८।१०।२८

**विषय : न्यूनत्तम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारे जरुरी सूचना।**

प्रस्तुत सम्बन्धमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली (दोस्रो संशोधन) २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (पहलिो संशोधन) २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७९।०८० मा यस चन्द्रपुर नगरपालिकाको रोजगार सेवा केन्द्रको समनवयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनत्तम रोजगारीमा संलग्न इच्छुक वेरोजगार व्यक्तिहरुलाई यही मिति २०७८ फागुन १ देखि फागुन मसान्त सम्म सम्वन्धित वडा कार्यालयमा वेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

वेरोजगार सूचीमा सुचीकृत हुन दिने निवेदन ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका ( पहलिो संशोधन) २०७५ को अनुसूची १ बमोजिमको हुनु पर्ने छ। वेरोजगार सूचीमा सुचीकृत हुन दिने निवेदन ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइड www.p mep.gov.np, चन्द्रपुर नगरपालिकाको वेवसाइड www.chandrapurmun.gov.np तथा सम्वन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ।

**आवश्यक कागजातहरु:**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ थान।
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ थान।
- निवेदकको शैक्षिक प्रमाणपत्र तथा अनुभव खुल्ने कागजातको प्रतिलिपि १।१ थान
- निवेदकका परिवारका सदस्यहरुको नागरिकता प्रमाणपत्र तथा नावालिकको हकमा जन्मदर्ताको प्रतिलिपि १।१ थान
- स्थायी वसोवास खुल्ने कागजात बसाइ सराइ, विवाहदर्ताको प्रतिलिपि १।१ थान।
- निवेदकको सम्पर्क नम्वर।

**बोधार्थ**
श्री सबै वडा कार्यालय सूचना पाटीमा टाँस गरी फाराम भराउने कार्य अघि बढाइदिनु हुन।
श्री सूचना प्रविधि शाखा, वेव साइडमा अपलोड गरिदिनु हुन।

..........................
(कृष्ण प्रसाद सिग्देल)
प्रमुख प्रशासकीय अधिकृत

द्रष्टव्य: फाराममा उल्लिखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नु पर्ने छ। अपूरो फाराम मान्य हुने छैन।



Scanned with CamScanner